# पवित्र आत्मा र आध्यात्मिक जीवन
## (*The Holy Spirit and Spiritual Living*)

लेखक:

फ्रान्क हासेल

भावानुवादक:
भजुराम तखाछेँ श्रेष्ठ
(Translator: Bhaju Ram Takhachen Shrestha)

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च
नेपाल सेक्सन
नेपाल

ई.सन् २०१७ (बि.सं. २०७३)

नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः
जितेन्द्र श्रेष्ठ

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७३ (ई.सं. २०१७)

सम्पादन सहयोगी - अमर पोते

कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**

**प्रकाशकः**
उमेश कुमार पोखरेल,
सम्पर्कः ९८४३२२८६०६,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com

सम्पर्कः-
भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२ **bhajupurna@gmail.com**
आन्तरीक प्रयोगको निम्ति मात्र

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

## भूमिका

# पवित्र आत्मा र आध्यात्मिक जीवन

हामी धेरै जसोले यो सुनेकाछौंः "मैले तपाईंलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन्छु।" यदि हामीले पनि बप्तिस्मा लिएकाछौं भने हामीलाई पानीमा चोपल्नुभन्दा पहिले पास्टरले त्यो वाक्य उच्चारण गरेका हामीले पनि सुनेका हुन्छौं (मत्ती २८ः१९)।

पिता, पुत्र र *पवित्र आत्माको* नाउँमा बप्तिस्मा दिइन्छ। हो, पिता र पुत्रसँग पवित्र आत्मा पनि समावेश गरिएको छ।

त्यसकारण यो अचम्म मान्नुपर्ने कुरा छैन। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको पाचौं मौलिक शिक्षामा यो लेखिएको छः "परमेश्वर पवित्र आत्माः परमेश्वर अनन्तको आत्मा परमेश्वर र पुत्रसँग सृष्टिमा, येशूको अवतारमा र मानिसलाई मुक्ति दिने पहलमा सक्रिय हुनुहुन्थ्यो। उहाँले नै पवित्र धर्मशास्त्र बाइबलका लेखकहरूलाई प्रेरणा दिनुभएको थियो। येशू ख्रीष्टको जीवनमा चाहिने शक्ति उहाँले नै भरिदिनुभएको थियो। मानिसहरूको विवेक अर्थात् चेतनाद्वारा उहाँले तिनीहरूलाई आफूतिर खिँच्नुहुन्छ र तिनीहरूको पापलाई स्वीकार गराउनुहुन्छ। जो मानिसहरूले उहाँको आवाजलाई आत्मसात् गर्छन् तिनीहरूको जीवनलाई उहाँले नयाँ बनाइदिनुहुन्छ र तिनीहरूलाई परमेश्वरको स्वरुपमा आमूल परिवर्तन वा रुपान्तर गराउनुहुन्छ। परमेश्वर पिता र परमेश्वर पुत्रले पवित्र आत्मालाई आफ्ना जनहरूकहाँ सधैं पठाउनुहुन्छ। चर्चलाई चाहिने आत्मिक बरदान उहाँले फैलाइदिनुहुन्छ। येशू ख्रीष्टको बारेमा गवाही दिन चाहिने शक्ति उहाँले नै दिनुहुन्छ। पवित्र धर्मशास्त्र बाइबलको तालमेलमा मानिसहरूलाई सबै सत्यतिर दोऱ्याउनुहुन्छ।"

तैपनि विशेष गरेर जब हामी पुरानो करार पढ्छौं त्यहाँ सिधै परमेश्वर पिताको काम र क्रियाकलापलाई प्रस्तुत गरेको हामी पाउँछौं। पुरानो करारमा जताततै उहाँको कामको बारेमा व्याख्या गरिएको छ। तर नयाँ करारमा बिशेष गरेर उहाँको पुत्र येशूको काम र क्रियाकलापको बारेमा बारम्बार हामी पढ्छौं। नयाँ करारको मूल विषयबस्तु नै येशूको जीवन, मृत्यु र स्वर्गमा उहाँले गर्नु भएको सेवाकार्यको विवरण प्रस्तुत गर्नु हो। पुरानो र नयाँ करारमा

जतिपनि पिता र पुत्रको कामको बारेमा उल्लेख गरिएको छ त्यसको अनुपातमा पवित्र आत्मालाई त्यति उल्लेखनीय रूपमा प्रस्तुत गरेको पाइन्दैन।

तर पवित्र आत्मा ओझेल पर्नुभएको एक मूल कारण छः त्यो हो पवित्र आत्मा सबैको ध्यानको केन्द्रविन्दु हुन चाहनुहुन्न। उहाँ प्रायजसो पर्दापछाडि बसेर काम गर्नुहुने व्यक्तिको रूपमा चिनिनुहुन्छ। धर्मशास्त्र बाइबलमा परमेश्वर पिता र पुत्रको बारेमा सिधा प्रकट गरिएको छ। र त्यो किनभने पवित्र आत्माले आफूतिर होइन तर येशू र हाम्रो निम्ति येशूले के गर्नुभयो सो हामीलाई औँल्याउन उत्सुक हुनुहुन्छ।

यद्यपि, जब हामी यस अध्ययन पुस्तकमा पवित्र आत्माको कामको बारेमा अध्ययन गर्छौं तब हामीले यो पत्ता लगाउनेछौं कि हामीहरूको इसाई जीवन र अनुभवमा पवित्र आत्मा कसरी केन्द्रविन्दु हुनु भएको छ। पवित्र आत्मा आफै परमेश्वर भएको कारणले उहाँले जस्तो अरू कुनै नाशवान मानव व्यक्तित्वले परमेश्वरको बारेमा थाहा हुँदैन। परमेश्वर विश्वासिलो र भरपर्दो हुनुहुन्छ भनेर उहाँले हामीहरूलाई बुझाउने तरिकाले प्रकट गर्नुहुन्छ। बाइबलका लेखकहरूलाई पवित्र आत्माले नै प्रेरणा दिएर बाइबल लेखाउन लगाएका हुन् भने ती लेखकहरूलाई ती सामग्रीहरू लेख्न उहाँले कसरी प्रेरणा गर्नुभयो भनेर त्यो हामीलाई सिकाउन हामीहरूलाई उहाँले नै अगुवाई गर्नुहुन्छ। येशू ख्रीष्टद्वारा हामीले मुक्ति पाउँछौं भन्ने ठोकुवा गराउन पवित्र आत्माले नै सघाउनुहुन्छ (रोमी ८:१६), र परमेश्वरले हामीहरूको जीवनमा कसरी काम गरिरहनुभएको छ सो पवित्र आत्माले नै प्रमाणित गराउनुहुन्छ (१ यूहन्ना ३:२४)। हामीहरूको पापबाट पवित्र आत्माले नै चोखो पार्नुहुन्छ र हामीलाई पवित्र पार्नुहुन्छ। "९ अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैनरू धोका नखाओ- अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, १० चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यको हकदार हुनेछैनन्। *११ तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ।"* (१ कोरन्थी ६:९-११ रूपान्तरित)। हामीहरूको जिन्दगीभर पवित्र वा सिद्ध गराउन र हामीहरूमा हुनुपर्ने पवित्र आत्माको फल फलाउन पवित्र आत्माले नै सघाउनुहुन्छ। त्यो फलको गुणहरूमा, "२२ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्छन्। यस्ता कुराहरूका विरुद्धमा कुनै

व्यवस्था छैन। २४ तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्। २५ हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिंड़ौं।" (गलाती ५:२२-२५ रूपान्तरित)।

"हामीहरूलाई पुनर्जीवित पार्न पवित्र आत्मालाई खटाइएको हो। यस बिना येशू ख्रीष्टको बलिदान हाम्रो निम्ति बेकारको हुन जान्छ। शताव्दियौँदेखि दुष्टता तथा पापको शक्तिको पकड यस संसारमा बलियो भइरहेको छ र त्यसतिर मानिसहरूलाई आकर्षित गराएर र समर्पित गराएर तिनीहरूलाई बन्धनमा राख्ने काम अचम्म लाग्दो छ। पापको प्रतिरोध गर्न र त्यसमाथि बिजय प्राप्त गर्न केवल त्रीएक परमेश्वरको तेस्रो व्यक्तिको शक्तिशाली हस्तक्षेपले मात्र सफल हुनसक्छ। उहाँ कुनै सुधारिएको उर्जा लिएर नआइ ईश्वरीय शक्तिको पूर्णतामा आउनुहुन्छ। यस संसारको मुक्तिदाताले ल्याउनुभएको कामलाई प्रभावकारिरूपमा कार्यान्वन गर्ने काम पवित्र आत्माकै हो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ६७१बाट रूपान्तरित।

प्रत्येक विश्वासीको जीवनमा पवित्र आत्माको भूमिका निर्णायक भएकोले हामीले उहाँको बारेमा अध्ययन गर्नु जरुरी छ। हामीले पाएको पवित्र आत्मा जस्तो महान् उपहारको बारेमा अझ राम्ररी बुझ्न र बुझाउन सहयोग होला भनेर यस अध्ययन पुस्तक लेखिएको हो।

यस पुस्तकको लेखक फ्रान्क एम. हासल, पीएच.डी हुनुहुन्छ। उहाँ युरोपको अस्ट्रियामा रहेको बोगेनहोफन सेमिनारो निर्देशक हुनुहुन्छ। उहाँ अस्ट्रियामा नै रहेको एलेन जी ह्वाइट स्टडी सेन्टरको निर्देशक पनि हुनुहुन्छ। सन् २००९मा उहाँको श्रीमति क्यान्सरबाट मृत्युभएको थियो। त्यस समयदेखि परमेश्वरको भलाईमा भरोसा राखेर दिनदिनै नयाँ तरिकाले उहाँमाथि भरोसा राख्न सिकिरहनुभएको छ। आफ्नो जीवनमा पवित्र आत्माको सान्त्वना, शान्ति र आमूल परिवर्तन गरिने शक्तिको अनुभव गरिरहनुभएको छ।

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | पवित्र आत्मा र परमेश्वरको वचन | १ |
| २. | पवित्र आत्माः पर्दा पछाडि सक्रिय... | १३ |
| ३. | पवित्र आत्माको ईश्वरियत्व | २७ |
| ४. | पवित्र आत्माको व्यक्तित्व | ४४ |
| ५. | पवित्र आत्माद्वारा बप्तिस्मा | ५८ |
| ६. | पवित्र आत्मा र पवित्र | ७४ |
| ७. | पवित्र आत्मा र पवित्र आत्माको... | ९० |
| ८. | पवित्र आत्मा र बरदान | १०४ |
| ९. | पवित्र आत्मा र चर्च | ११९ |
| १०. | पवित्र आत्मा, परमेश्वरको वचन... | १३५ |
| ११. | पवित्र आत्मालाई दुःखित तुल्याउनु | १४८ |
| १२. | पवित्र आत्माको काम | १६२ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन अध्ययन चैत्र ११,२०७३ (मार्च २४, २०१७)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पौष १६-२२ (डिसेम्बर ३१-जनवरी ६) |
| २ | अध्याय २ | पौष २३-२९ (जनवरी ७-१३) |
| ३ | अध्याय ३ | माघ १-७ (जनवरी १४-२०) |
| ४ | अध्याय ४ | माघ ८-१४ (जनवरी २१-२७) |
| ५ | अध्याय ५ | माघ १५-२१ (जनवरी २८-फेब्रूअरी ३) |
| ६ | अध्याय ६ | माघ २२-२८ (फेब्रूअरी ४-१०) |
| ७ | अध्याय ७ | माघ २९-फागुन ६ (फेब्रूअरी ११-१७) |
| ८ | अध्याय ८ | फागुन ७-१३ (फेब्रूअरी १८-२४) |
| ९ | अध्याय ९ | फागुन १४-२० (फेब्रूअरी २५-मार्च ३) |
| १० | अध्याय १० | फागुन २१-२७ (मार्च ४-१०) |
| ११ | अध्याय ११ | फागुन २८-चेत्र ४ (मार्च ११-१७) |
| १२ | अध्याय १२ | चेत्र ५-११ (मार्च १८-२४) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ पौष १६-२२ (डिसेम्बर ३१-जनवरी ६) | | | | | | | |
| २ पौष २३-२९ (जनवरी ७-१३) | | | | | | | |
| ३ माघ १-७ (जनवरी १४-२०) | | | | | | | |
| ४ माघ ८-१४ (जनवरी २१-२७) | | | | | | | |
| ५ माघ १५-२१ (जनवरी २८-फेब्रूअरी ३) | | | | | | | |
| ६ माघ २२-२८ (फेब्रूअरी ४-१०) | | | | | | | |
| ७ माघ २९-फागुन ६ (फेब्रूअरी ११-१७) | | | | | | | |
| ८ फागुन ७-१३ (फेब्रूअरी १८-२४) | | | | | | | |
| ९ फागुन १४-२० (फेब्रूअरी २५-मार्च ३) | | | | | | | |
| १० फागुन २१-२७ (मार्च ४-१०) | | | | | | | |
| ११ फागुन २८-चेत्र ४ (मार्च ११-१७) | | | | | | | |
| १२ चेत्र ५-११ (मार्च १८-२४) | | | | | | | |